नेपाल सरकार

अर्थ मन्त्रालय

भन्सार विभाग

# बिराटनगर भन्सार कार्यालय

(मुद्दा तथा लिलामी शाखा)

बिराटनगर, मोरङ्ग।

## मालवस्तुहरु सिलबन्दी दरभाउपत्रद्वारा लिलाम बिक्री गर्ने सम्बन्धी ७ दिने सूचना

(प्रकाशित मितिः - २०८२/०३/०९)

भन्सार ऐन २०६४ को दफा ४७(५) र भन्सार ऐन २०६४ को दफा ५७(९) बमोजिम जफत भई तपसिल अनुसारका मालबस्तुहरु जे जस्तो अवस्थामा छन सोही अवस्थामा तल निर्धारित शर्तहरुका अधिनमा रही गोप्य सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बढाबढ गरी लिलाम बिक्री गरिने भएकाले ईच्छुक फर्म, कम्पनी वा संस्थालाई सहभागी हुन यो ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वानको सार्वजनिक सूचनां प्रकाशित गरिएको छ । बोलपत्र फारम यस कार्यालयको लेखा शाखाबाट खरिद गर्न सकिनेछ । साथै आफुले कबोल गरेको रकमको १०% (प्रतिशत)ले हुने रकम कृषि विकास बैक लिमिटेड, विराटनगरमा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालय विराटनगरको एकलकोष धरौटी खाता नं.०६०१६०१०१४०७००४५ मा यस कार्यालयको कोड नम्बर ३०५०३१३०१ बाट जम्मा गरी सोको **दोस्रो प्रति** सक्कल बैक भौचर बोलपत्रसाथ पेश गर्नुपर्नेछ । साथै यो सूचना भन्सार विभाग तथा यस कार्यालयको वेबसाइट https://www.customs.gov.np/Biratnagar मा पनि हेर्न सकिनेछ । लिलाम बिक्री गरिने मालबस्तु हेर्न चाहेमा वा अन्य थप कुरा बुझ्न परेमा कार्यालय समय भित्र यस कार्यालयको मुद्दा शाखामा सम्पर्क राखी हेर्न/बुझ्न सकिनेछ ।

### तपसिल

| सि.नं. | मालबस्तुको नाम | मालबस्तुको बिस्तृत बिबरण | गोदाम दाखिला हुँदा उल्लेखित | | न्युन्तम् मूल्य | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|---|
| | | | Qty. PKTS. | Gross weight (KG) | | |
| १ | HOSPITAL GOODS | ARITS ONE VASCULAR SYSTEM 1 UNIT. | 15 | 3990 | 3,00,00,000 | 5000 |
| २ | HERBO ZY & PVC BUCKETS | HERBO ZY, ३२००० किलो र १० किलो क्षमताको खाली PVC Bucket ३२०० पिस ( १४००किलो) । | 640 | 32000 | 6,50,000 | 1000 |
| ३ | FOETAL MONITOR | फोयटल मनिटर २ पिस । | 2 | 10 | 1,00,000 | 1000 |

शर्तहरु :-

१. बोलपत्र फारम सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र फिर्ता नहुने गरी कार्यालय समयमा राष्ट्रिय बाणिज्य बैकशाखा कार्यालय, आई.सि.पी. विराटनगरमा यस भन्सार कार्यालयको कोड नं.३०५०३१३०१ र राजस्व खाता नं.१०००१००२०००१०००० राजस्व शीर्षक १४२२९ अन्तर्गत अन्य प्रशासनिक सेवा शुल्क बापत फारम दस्तुर बुझाई खरिद गर्न सकिनेछ ।

२. बोलपत्र खरिद गर्न ईच्छुक फर्म/कम्पनी/संस्थाहरुले आफूले लिन चाहेको मालबस्तु उल्लेख भएको सूचनाको सि.नं. उल्लेख गरी रु.१०।-को टिकट टाँस गरी फर्म, कम्पनि वा संस्था दर्ता प्रमाणपत्र, आ.व.२०७९।८० को करचुक्ता प्रमाणपत्र, मू.अ.कर वा स्थाई लेखा नम्बर प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहितको निवेदन पेश गर्नुपर्नेछ ।

३. बोलपत्र ८ औं दिन दिनको १२:०० बजे सम्म दर्ता गरिसक्नु पर्नेछ । सो दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलीपल्ट कार्यालय खुलेको दिनमा सोही समय भित्र दर्ता गराईसक्नु पर्नेछ । बोलपत्र दर्ता गर्दा शिलबन्दी खाम बाहिर बोलपत्रको सूचना सि.नं. मिति र बोलपत्रदाताको नाम, ठेगाना स्पष्ट रुपमा लेख्नु पर्नेछ । ८ औं दिन दिनको १२:०० बजेसम्म दर्ता हुन आएका बोलपत्रहरु सोहीदिन दिनको १७:१५ बजे बोलपत्रदाताहरु र निजका प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । बोलपत्रदाताहरु वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

Scanned with CamScanner

४. बोलपत्रदाता फर्म, कम्पनि वा संस्थाले सिलबन्दी बोलपत्र पेश गर्दा बोलपत्र साथ फर्म, कम्पनि वा संस्था दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी पुरा नाम, थर र ठेगाना लेखी फर्मको आधिकारिक सही छाप गरी बोलपत्र पेश गरेको हुनु पर्नेछ।

५. प्रचलित कानुन बमोजिम अलग्गै ईजाजतपत्र लिएर मात्र खरिद बिक्री गर्न मिल्ने किसिमका मालबस्तु लिलाम सकार गर्दा उक्तानुसारको ईजाजतपत्र अनिवार्य पेश गर्नुपर्ने छ।

६. बोलपत्रमा बोलपत्रदाताले आफुले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्टसंग उल्लेख गर्नु पर्नेछ। सच्याईएको वा केरमेट गरेको स्थानमा बोलपत्रदाताको अनिवार्य दस्तखत हुनु पर्नेछ। साथै अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन।

७. बोलपत्र स्विकृत भएको जानकारी यस भन्सार कार्यालयको सूचनापाटी तथा भन्सार विभागको वेवसाईटमा समेत प्रकाशित गरी जानकारी गराईनेछ।

८. सूचनामा उल्लेखित नयुनतम् मूल्यमा मू.अ.कर बाहेकका कर/शुल्कहरु मात्र समावेश गरिएका छन्। बोलपत्रदाताको बोलपत्र स्वीकृत भएकोमा उक्त मालबस्तुको सकार मूल्यमा लाग्ने मु.अ.कर बापतको रकम समेत गणना गरी जोडी हुन आउने जम्मा रकम बोलपत्र स्वीकृत भएको मितिले सात दिन भित्र दाखिला गरी उठाई नलगेमा निज व्यक्ति, फर्म, कम्पनी/संस्थाको नाममा जम्मा रहेको धरौटी रकम जफत हुनेछ र क्रमश: दोस्रो, तेस्रो र चौथो घटीवालाको कबोल अङ्क स्वीकृत गरिनेछ।

९. बोलपत्रदाताले प्रत्येक सि.नं.को छुट्टा छुट्टै बोलपत्र खरिद गरी सोही बमोजिम बोलपत्र फारम पेश गर्दा शिलबन्दी खामको बाहिर बोलपत्र सूचनाको सि.नं.अनिवार्य उल्लेख गरी भिन्न भिन्नै दर्ता गराउनुका साथै बोलपत्र फारम साथ धरौटी बापतको दोस्रो प्रति भौचर सक्कलै संलग्न गर्नुपर्नेछ। बैङ्क भौचरको प्रतिलिपि मान्य हुने छैन र कबोल रकमको न्यूनतम १० % (दश प्रतिशत) नरहेको धरौटी रकम मान्य हुने छैन।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ।

११. यसमा उल्लेख भएदेखि बाहेक अन्य कुराहरु प्रचलित ऐन, नियम बमोजिम हुनेछ।

Scanned with CamScanner